मधेश प्रदेश सरकार
# शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

E-mail: info.moec@madhesh.gov.np
Website: https://moec.madhesh.gov.np
Phone No: 041-591015, 591016

प.सं.:- २०८३/०८४
चलानी नं.:-

मितिः- २०८३/०४/२६

## शोक सन्देश

मिथिला क्षेत्रको धनुषा देवडिहा गाउँमा जन्मी जनकपुरको माटोमा दीक्षित हुनुभएका वरिष्ठ साहित्यकार, भाषाविद्, समालोचक तथा प्राज्ञ प्रा. डा. राजेन्द्र विमलको असामयिक निधनको खबरले शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश स्तब्ध र मर्माहत भएको छ।

तराई-मधेशको जनजीवन, भाषा, संस्कृति, सामाजिक यथार्थ र संवेदनालाई साहित्यका माध्यमबाट राष्ट्रिय तहमा स्थापित गर्न उहाँले पुऱ्याउनुभएको योगदान नेपाली तथा मैथिली साहित्यका लागि अमूल्य रहेको छ। उहाँको विशिष्ट साहित्यिक योगदानको कदर गर्दै वि.सं. २०६६ मा जगदम्बाश्री पुरस्कार तथा वि.सं. २०७६ मा मधुपर्क सम्मान प्रदान गरिएको थियो।

डा. विमलको निधनबाट मधेश प्रदेशले एक विशिष्ट साहित्यिक तथा बौद्धिक अभिभावक र राष्ट्रले एक अमूल्य स्रष्टा गुमाएको छ। उहाँले नेपाली तथा मैथिली साहित्यमा पुऱ्याउनु भएको योगदान र छोड्नु भएको प्राज्ञिक विरासत सदैव स्मरणीय रहनेछ।

यस दुःखद् घडीमा शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशको तर्फबाट स्वर्गीय प्रा. डा. राजेन्द्र विमलप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन, आफन्त, शुभेच्छुक तथा समस्त साहित्यिक एवं प्राज्ञिक जगतप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

जानकी माताले दिवंगत आत्मालाई चिरशान्ति प्रदान गरून् तथा शोकसन्तप्त परिवारजनलाई यस अपूरणीय क्षति सहन गर्ने शक्ति प्रदान गरून्।

भावपूर्ण श्रद्धाञ्जली